## अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७८/०३/२५ गते ।

**प्रेस विज्ञप्ति**

**विषय :- आरोपपत्र दायर गरिएको ।**

---------------------------------------

निलकण्ठ सव-डिभिजन वन कार्यालय, धादिङका सहायक वन अधिकृत आठौं तह (कार्यालय प्रमुख) कृष्ण प्रसाद पौडेलले 'सेवाग्राहीले फर्निचर उद्योगमा चिरानको लागि ल्याएको काठको सम्बन्धमा' अनुसन्धान गर्ने भनी कागजात तयार गरी वन कार्यालयमा लगे पश्चात मुद्दा मिलाउने हो भने रु. ४०,०००।– दिनुपर्छ भनी घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज कृष्ण प्रसाद पौडेललाई सेवाग्राहीबाट रु. ४०,०००।– (चालीस हजार रुपैयाँ) घुस/रिसवत लिएको अवस्थामा निजलाई उक्त रकमसहित नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा निलकण्ठ सव-डिभिजन वन कार्यालय धादिङका सहायक वन अधिकृत (आठौं स्तर) कृष्ण प्रसाद पौडेलले सेवाग्राहीको काठ सम्बन्धमा अनुसन्धान गर्ने भनी वन कार्यालयमा लगे पश्चात सेवाग्राहीले फर्निचर सम्वन्धी सम्पूर्ण कागजातहरु पेश गर्छु भन्दा पनि घुस/ रिसवत वापत रु. ४०,०००।- दिन बाध्य तुल्याई आफ्नो ओहोदा र पदिय दायित्वसमेत ख्याल नगरी बदनियतपूर्वक रकमको बार्गेनिङ गरी घुस/रिसवत वापतको रकम लिएको पुष्टी हुन आएको हुँदा निज सहायक वन अधिकृत (आठौं स्तर) कृष्ण प्रसाद पौडेलले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको देखिदाँ निजलाई बिगो रु. ४०,००० (चालिस हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) वमोजिम सजायँ हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा १८ र दफा ३५ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नारायण प्रसाद रिसाल